नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या : ०८२/८३
चलानी नं.: ४१६

मिति: २०८२/०६/१०

<u>विषय:</u> बर्दिबास-ढल्केबर ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा।

श्री टेरा सोल इनर्जी कम्पनी लिमिटेड,
लाजिम्पाट, काठमाण्डौ।
फोन नं.:९८४१४१२५६९।

प्रस्तुत विषयमा तँहाबाट पेश भएको बर्दिबास-ढल्केबर ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको दरखास्त उपर कारबाही हुँदा विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका, २०७५ (पाँचौ संशोधन) को दफा १०(३) बमोजिम निम्न कागजात/विवरणहरू पैतिस (३५) दिनको समयावधिभित्र विभाग समक्ष पेश गर्नुहुन मिति २०८२/०६/०८ को विभागीय निर्णयानुसार जानकारी गराइन्छ।

१. प्रस्तुत ३३ के.भी. विद्युत प्रसारण लाइनको प्राविधिक विश्लेषण (Voltage Selection, Conductor selection, Power loss, efficiency, Voltage Regulation etc.) समेटिएको अद्यावधिक डेस्क स्टडी प्रतिवेदन,
२. प्रस्तावित मुख्य र वैकल्पिक लाईन समेत देखिने गरी रेखांकन गरिएको नापी विभागद्वारा प्रकाशित स्थलरूप नक्सा,
३. परामर्शदाताको संस्थाको कम्पनी दर्ता प्रमाणपत्र, प्रवन्धपत्र, नियमावली र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र (PAN) को प्रमाणित प्रतिलिपि,
४. परामर्शदाताको कम्पनी र प्रवर्द्धक कम्पनी बीच सम्भाव्यता अध्ययन गर्न भएको सम्झौतापत्र,
५. नेपाल विद्युत प्राधिकरणसँगको Grid Connection Agreement प्रतिलिपि।

(अनुशा अधिकारी)
इन्जिनियर